नेपाल सरकार
राष्ट्रिय किसान आयोग
किसान संघ, संगठन दर्ता गर्ने सम्बन्धी सूचना।
(प्रकाशित मितिः२०८१/०४/०२)

किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ बमोजिम यस आयोगमा दर्ता हुन इच्छुक किसान संघ/संगठनहरुले कार्यविधिको दफा ४ मा उल्लेख भएका तपशिल अनुसारका आवश्यक कागज प्रमाण सहित अनुसुचि १ को ढाँचामा मिति २०८१ साउन १८ गतेभित्र यस आयोगको कार्यालयमा कार्यालय समयभित्र दरखास्त आव्हानको लागि कार्यविधिको दफा ५ (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

(क) प्रस्तावित किसान संघ, संगठनको प्रमाणित सकल विधान / विनियम २ प्रति,

(ख) किसानहरु मेला भई किसान संघ, संगठन गठन गर्ने निर्णय गरेको निर्णय पुस्तिकाको निर्णय प्रतिलिपी थान १,

(ग) किसान संघ, संगठन गठनमा आवद्ध पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी थान १,

(घ) किसान संघ, संगठनको कार्य योजना,

(ङ) किसान संघ, संगठनको दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दरखास्त नमूना सहितको सकल अधिकारपत्र,

(च) आवेदन पत्रमा नयाँ किसान संघ, संगठनको हकमा प्रस्तावित किसान संघ, संगठनको तदर्थ समितिको अध्यक्षले र यो कार्यविधि जारी हुनु अगाडि देखि नै कृयाशिल किसान संघ, संगठनको हकमा किसान संघ, संगठनको अध्यक्ष, सभापति या संयोजकले दस्तखत गरेको हुनु पर्दछ,

(छ) यो कार्यविधि जारी हुनु भन्दा अगाडि नेपालमा कृयाशिल किसान संघ, संगठनहरुको दर्ताको हकमा माथी उल्लेखित बुँदाहरू (ख), (ग), (घ), (ङ) र (च) बाहेकका अन्य प्रावधानहरू गाव आवश्यक पर्ने छ।

नोट- निवेदनको ढाँचा तथा अन्य जानकारीका लागि किसान संघ/ संगठन दर्ता कार्यविधि, २०७४ को आयोगको वेभसाइटः www.nfc.gov.np बाट डाउनलोड गर्न सकिने तथा अन्य विस्तृत जानकारीको लागि सम्पर्क नं. ०१-५९०६१७६, ४९०६१८०, ५९०६१८२ र आयोगको ईमेल nfcnepal2017@gmail.com मा सम्पर्क गर्न सकिने छ।

सदस्य सचिव

अनुसूची -१

किसान संघ/संगठन दर्ता निवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू
राष्ट्रिय किसान आयोग
................................

विषय : किसान संघ/संगठन दर्ता गर्ने सम्बन्धमा ।

महोदय,

हामी देहायका किसानहरू/किसान संघ संगठनहरू देहायका प्रावधान सहितको किसान संघ/संगठनको उद्देश्य अनुरुप किसान संघ/संगठनले तत्काल गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित किसान संघ संगठनको विनियम २ प्रति यसै साथ पेश गरेको छ ।

१. किसान संघ/संगठन सम्बन्धी विवरणः-

(क) प्रस्तावित किसान संघ/संगठन को नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्वः-

(छ) सदस्य संख्याः-

१. महिला.........जना

२. पुरुष............जना

(ज) सम्पर्क ठेगानाः-

(१) सम्पर्क व्यक्तिः ..............................

(२) फोन/मोबाईल न.............................

(३) इमेल ठेगाना ।

आवेदक

................

मितिः-..............

........... अध्यक्ष/संयोजक/सभापति/तदर्थ अध्यक्ष
........... किसान संघ/संगठन